# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७५/१२/१९

तेस्रो अधिवेसन

(१९औं बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

**१. माननीय सदस्यहरु,**

यस सभाको तेस्रो अधिवेशनको १९औं बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

**२. माननीय सदस्यहरु,**

अब विशेष समय शुरु हुन्छ ।

**३. माननीय सदस्यहरू,**

यस सभाको विभिन्न बैठकहरुमा निर्धारण गरिएको शुन्य समय र विशेष समयमा बोल्ने माननीय सदस्यहरुले प्रदेश सरकारको काम कार्वाही र समसामयीक विषयमा उठान गरेका प्रश्नहरुको सम्बन्धमा आफ्नो मन्त्रालयसँग सम्बन्धीत प्रश्नहरुको जवाफ दिन प्रदेश सभा नियमावली २०७४ को नियम ५७ को उपनियम (२) बमोजिम भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता चौधरीबाट विशेष समय माग भै आएकोले माननीय मन्त्री विनिता चौधरीलाई समय दिन्छु ।

**माननीय विनिता चौधरी**

माननीय सभामुख महोदय, तेश्रो अधिवेशनका वैठकहरुमा यस सम्मानित सदनमा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयसँग सम्बन्धित केही प्रश्नहरु तथा जिज्ञाशाहरु उठान भएको हुँदा सो सम्बन्धमा आफ्ना केही भनाइहरु राख्न चाहान्छु । यस अधिवेशनमा विभिन्न विषयहरु मध्ये मलखाद विउविजनको समस्याका बारेमा माननीय सदस्यहरुज्यूबाट सरकारको जवाफ माग भए बमोजिम रसायनिक मल आपूर्तिको व्यवस्था संघीय सरकारले गर्ने हुँदा यस विषयमा संघीय सरकारका माननीय मन्त्रीज्यू लगायत सम्बन्धित कृषि सामाग्री संस्था तथा साल्ट ट्रेडिङ कर्पोरेशन नेपालसँग प्रदेश सरकार तथा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले पहल गरिरहेको हाल कृष सामाग्री संस्था साल्ट ट्रेडिङ कर्पोरेशन सुदूरपश्चिम डीपोहरुमा युरिया ४९९ मेट्रिक टन, डियपी २२७.६० मेट्रिक टन, पोटास १३४ मेट्रिक टन मौज्दात रहेको छ । वर्षे वालीका लागि युरिया १७०० मेट्रिक टन, डियपी ४५०० मेट्रिक टन, पोटास १०० मेट्रिक टन आवश्यक रहेकोले सो विषयमा संघीय सरकार र खात मल आपूर्ति गर्ने निकायहरुसँग सहकार्य समन्वय गरिरहेको र वर्षे शिजनमा मलखातको कमी हुन नदिन गम्भिरतापूर्वक लागि परेको यस सम्मानित सदनमा जानकारी गराउन चाहान्छु । यस प्रदेशको हिमाली जिल्लाहरुमा हिमपातका कारणले भेडाबाख्रा र कैलाली कंचनपुर जिल्लामा असिना पानीले बाली नालीमा हुन गएको क्षतिका विषयमा राहत उपलब्ध गराउने सम्बन्धमा जिज्ञासा व्यक्त भएकोमा सो सम्बन्धमा प्रदेश सरकारको ऐन नियम बनि नसकेको राहत सम्बन्धी व्यवस्था भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयमा नभएको तर सम्बन्धित जिल्लाहरुबाट क्षतिको विवरण सहितको फायल मन्त्रालयमा प्राप्त भएको आवश्यक र सोको राहतका लागि यस मन्त्रालयले संघीय सरकारको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाइ सिफारिस सहित पत्र पठाएकोले बाजुरा जिल्लामा मरेको

भेडाको क्षतिपूर्ति रकम संघीय सरकारको सम्बन्धित मन्त्रालयबाट यसै आ.व. मा उपलब्ध गराउने अपेक्षा गरिएको व्यहोरा यस सम्मानित सदनमा जानकारी गराउन चाहान्छु । यस प्रदेशको विशेष गरी छाडा पशु चौपायाका कारणले विभिन्न समस्याहरु देखा परेको सबैलाइ अवगत नै छ । विशेष गरी छाडा पशुचौपाया का कारणले किशानहरुले लगाएको बाली नाली नोक्सानी र सडक दुर्घटना भइरहेको छ । यस विषयमा प्रदेश सरकार विशेष गरी यस मन्त्रालयको ध्यानाकर्षण भएको छ । यस मन्त्रालयका मातहतका निकायहरुबाट स्थानीय तहहरुसँग समन्वय गरेर टिकापुर, भजनी, लम्की, बाणी, धनगढी, ब्रदगोरिया, बेदकोट र घोडाघोडी क्षेत्रमा गौशाला तथा उत्पादित मलको व्यवस्थापनका लागि प्रदेश सरकारबाट बजेट विनियोजन भएको छ । साथै यस मन्त्रालयमा स्थानीय सरकार प्रदेश सरकार र संघीय सरकार तिनै वटा सरकारबाट रुपमा छाडा पशुचौपायाको व्यवस्थापनका लागि मन्त्रालयले आवश्यक गृहकार्य गरेको साथै छाडा पशु नियन्त्रणका लागि कान्जी घर निर्माण गरी व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको भएकाले त्यसका स्थानीय तहको बढी भूमिका रहेको कुरा सम्मानित सदनमा जानकारी गराउन चाहान्छु । हाम्रो प्रदेशमा लामो समयदेखी उखुको मुल्य निर्धारणका लागि आन्दोलन भइरहेको अवस्थामा यस वर्ष संघीय सरकारको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको अगुवाइमा उखुको मुल्य पहिलोपटक निर्धारण गरिएको साथै यस प्रदेशमा उखु कृषकहरुलाइ सो मुल्य कायम गराउनका लागि मन्त्रालयले एक जना अधिकृतको नेतृत्वमा सम्बन्धित मिल संचालकहरुसँग समन्वय गरेर र मिल संचालक र उखु किसानहरु बिच आपसी समझदारीमा मुल्य निर्धारण गरी जाने कुरामा समझदारी भएको र प्रदेश सरकारको तर्फबाट यसै आ.व.मा कैलाली कंचनपुर विशेष गरी बाढी प्रभावित क्षेत्रहरुमा करिब ४०० हेक्टरमा उखु खेती विस्तारको लागि मन्त्रालयले उखु किसानहरुलाइ बिउमा ५०प्रतिशत अनुदान दिनुको साथै रानी जमरा गुलरिया सिचाइको क्षेत्रमा उक्त आयोजनाको कृषि कार्यक्रम समन्वय इकाईबाट उखु विउमा अनुदान रहेको र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको समन्वयमा नेपाल रेडक्रसको एमरेट परियोजना मार्फत उखु किसानलाइ विभिन्न कार्यक्रमहरु संचालनमा रहेको यस सम्मानित सदनमा जानकारी गराउन चाहान्छु । यस प्रदेशमा विगतमा विउविजनको अभाव भइरहेको सबैलाइ जगजायर छ । विउ विजनमा प्रदेशलाइ आत्मनिर्भर बनाउनका निम्ति प्रदेश सरकारले विभिन्न कार्यक्रमहरु यसै आ.व. मा संचालन गरिएको छ । विशेष गरी विउ वैंक स्थापना गर्ने, विउ वृद्धि गर्ने, सहकारीलाइ प्रबर्द्धन गर्ने कार्यहरु भइरहेको छ । हाल यस मन्त्रालयले गहुँको वृद्धि गर्ने कार्यक्रम संचालन गरिरहेको र गहु उत्पादन गर्ने कृषकहरुका लागि ५० प्रतिशत अनुदानमा गहुको विउ वितरण गर्ने कार्यक्रम सम्पन्न गरेको छ । चैते धान खेती गर्ने कृषकहरुलाइ विउमा अनुदान संचालन गरिएको, मुमको खेती गर्न चाहाने कृषकहरुलाइ सतप्रतिशतमा विउमा अनुदानको कार्यक्रम संचालनमा रहेको छ । हाम्रो मुलुकमा मान्यता प्राप्त विउ विजनहरु, राष्ट्रिय विउविजन कम्पनी, विउ विजन संचालन गर्ने समूह सहकारी, विउ विजन उत्पादन गर्ने कम्पनीहरुबाट उत्पादन हुन साथै मसिनो तथा बास्नादार धानलाइ प्रबर्द्धनका लागि ३०० हेक्टरमा विउमा अनुदान उपलब्ध गराइने यसै सदन मार्फत जानकारी गराउन चाहान्छु । यस मन्त्रालयसँग सम्बन्धित भूमिसँग सम्बन्धित विगत लामो समयदेखी समस्याहरु रहेका छन् । प्रदेश सरकार गठन पश्चात आम समुदायले भूमि सम्बन्धी समस्याहरु हल भएर जाने विश्वास लिएका छन् । देश संघीय संरचनामा गइसकेपछि जग्गा जमिन सम्बन्धी तिनै तहको सरकारको समन्वय र सहकार्यमा समाधान गर्नुपर्ने देखिन्छ । भूमि सम्बन्धी कानूनहरु संघीय सरकार र प्रदेश सरकारको साझा अधिकारको सूचीमा रहेको सोही अनुसार संघीय सरकारले विगतमा रहेका ऐन नियमहरु संशोधन परिमार्जन र निर्माण गर्ने चरणमा रहेको र संघीय सरकारले आवश्यक कानून बनाइसकेपछि यस प्रदेशले पनि सो सम्बन्धी कानून बनाइ भूमिमा देखिएका समस्या समाधानमा प्रदेश सरकार तथा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय लाग्ने कुराको जानकारी यसै सम्मानित सदन मार्फत गराउन चाहान्छु । मन्त्रालयले भूमि सम्बन्धी ऐनको सैदान्तिक सहमती लिएर मस्यौदा तयार गरिएको भएतापनि भूमि सम्बन्धी ऐन कानून निर्माण

पश्चात त्यसको कार्यान्वयन गर्ने इकाइहरु जस्तै मालपोत कार्यालय तथा नापी कार्यालय केन्द्रीय सरकार मातहत रहेको हुँदा यसको कार्यान्वयन चुनौतीपूर्ण रहेको प्रदेश सरकार गठन बखत सोचे अनुरुप भूमि सम्बन्धी कानूनहरु निर्माण कार्यले गति लिन सकेको छैन । यद्यपी कार्यविधिहरु मार्फत आवश्यक कामहरु अगाढी बढेको कुराको जानकारी म यसै सम्मानित सदन मार्फत गराउन चाहान्छु । प्रदेश सरकार गठन भए पश्चात यस मन्त्रालयको कार्यक्षेत्रमा कृषि पशुपंक्षी सहकारी तथा भूमि व्यवस्था जस्ता वृहत क्षेत्रहरु परेता पनि सो सम्बन्धी काम कारबाही गर्ने मातहतका निकायहरु न्यून संख्यामा रहेका छन् । कृषि विकास कार्यालय कार्यान्वयनका लागि यस प्रदेशमा ९ वटा जिल्लामा जम्मा ६ वटा मात्र कृषि ज्ञान केन्द्रहरु स्थापना भएको छ । यसै गरी पशुपंक्षी विकासका लागि जम्मा ५ वटा मात्र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र रहेका छन् भने भूमि तथा सहकारी सम्बन्धी काम कारबाहीहरु कार्यान्वयन गर्न मातहतका निकायहरु नै नरहेको अवस्था छ । यस प्रदेशका कृषि तथा पशुपंक्षि विकास सम्बन्धी कामकारबाहीहरु सहज र प्रभावकारी रुपमा संचालन गर्न ९ वटै जिल्लामा कृषि ज्ञान केन्द्र तथा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र स्थापनाका लागि संघीय सरकारमा पहल भएतापनि हालसम्म कार्यान्वयन भएको छैन । यद्यपी कार्यालय नभएका जिल्लाहरुमा सम्पर्क केन्द्र मार्फत मन्त्रालयले आवश्यक सेवा प्रवाह गरेको छ । त्यस्तै मन्त्रालय तथा अन्तरगतका निकायका स्वीकृत दरबन्दी अनुसार जनशक्ति को व्यवस्थापन हुन सकेको छैन । स्वीकृत दरबन्दी ३२० मध्ये आपूर्ति १९९ भएको र जसमध्ये पनि प्राविधिक कर्मचारी ज्यादै न्यून रहेको हुँदा कार्यक्रम संचालन गर्न कठिनाइ रहेको छ । जसका बावजुत पनि यस मन्त्रालयले चालु आ.व. को बजेट विनियोजन भइ भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय तथा मातहतका २१ कार्यालयहरु मार्फत बजेटको अख्तियारी गइ कार्यक्रमहरु कार्यान्वयन गरिएको जानकारी गराउदछु । हाम्रो प्रदेशको हिजो बसेको दोश्रो समिक्षामा समग्र सुदूरपश्चिम प्रदेश सरकाको भौतिक प्रगति २० प्रतिशत भन्दा माथि र वित्तीय प्रगति १२ प्रतिशत रहेको छ साथै यस मन्त्रालयको दोश्रो चौमासिक अवधिमा ३०.२२ प्रतिशत र अष्टमासिकमा २४.७५ प्रतिशत वित्तीय प्रगति रहेको जानकारी गराउन चाहान्छु । जसमध्ये आलु विउ वृद्धि कार्यक्रममा ४३५ मेट्रिक टन उत्पादन हुने अनुमानित लक्ष्य रहेको छ जसमध्ये आगामी वर्षका लागि २९० हेक्टर क्षेत्रमा उन्नत जातको विउ उपलब्ध हुने अनुमान गरिएको छ । गहुँ विज वृद्धि कार्यक्रम अन्तरगत ३२० मेट्रिक टन उत्पादन हुनेछ जसमध्ये आगामी वर्षका लागि ४८३० मेट्रिक टन क्षेत्रमा उन्नत जातको विउ उपलब्ध हुने अनुमान गरिएको छ । फलफुल विस्तार कार्यक्रम अन्तरगत ओखर खेती १६८ हेक्टर क्षेत्रफलमा २५००० विरुवा वितरण भएको छ र १ घर ५ फलफुलको वोट वितरण पहाडी ७ जिल्लामा १३५०० घर परिवारलाइ वितरण गरिएको छ जसको प्रभाव केही वर्षमा देखिने छ । थारु आलु प्रबर्द्धन कार्यक्रम अन्तरगत १८ वटा पकेट मार्फत ६० हेक्टर क्षेत्रफलमा ६०० मेट्रिक टन थारु आलु उत्पादन गरिएको छ जसमध्ये परम्परागत तथा कोल्डस्टोरमा २०० मेट्रिक टन विउ आलु का लागि भण्डारण हुनेछ । कृषकहरुमा थारु आलुको महत्वको बारेमा जानकारी भएको तथा संरक्षण प्रबर्द्धन गर्नुपर्छ भन्ने भावना जाग्रुप भएको छ । मुख्यमन्त्री साना सिचाइ अन्तरगत साना तथा सहकारी सिचाइ कार्यक्रम अन्तरगत १४०० हेक्टरमा सिचाइ सुविधा विस्तार भएको छ जसका कारणले आगामी दिन उत्पादनमा वृद्धि हुने देखिन्छ । सिचाइका माध्यम प्रकृतिका आयोजना भौतिक पूर्वाधार विकास मन्त्रालयले गर्ने भएकोले सम्बन्धित मन्त्रालयसँग यहि विषयमा आगामी दिनमा समन्वय गरेर जाने कुराको अवगत गराउन चाहान्छु । वगर खेती कार्यक्रम अन्तरगत कैलाली र कंचनपुरका २१ वटा कृषकहरुमा १०५ हेक्टर क्षेत्रफलमा लहरी तरकारी खेती भइ २००० मेट्रिक टन तरकारी उत्पादन भइ सिमान्तकृत तथा संकटासन समुदायले अनुमानित रु ४ करोड बराबरको आम्दानी गर्ने देखिन्छ । त्यस्तै पशुपालन तर्फ पशु उपचार सेवामा ४६७२७ वटा पशुपंक्षीहरुको उपचार गरिएको छ । कृतिम गर्भाधान तर्फ ११२२२ पशुहरुमा कृतिम गर्भाधान गरिएको छ जसमध्ये ६६३२ वटा गाइ, ४३९९ भैसी र १६१ वटा बाख्राहरुमा कृतिम गर्भाधान सेवा

संचालन गरिएको छ । जसले गर्दा दुध उत्पादन भइ कृषकहरको आय आर्जनमा सहयोग हुने देखिन्छ । भेडाबाखा टिपिआर रोग विरुद्ध ७ लाख डोज खोप लगाएको छ । यस मन्त्रालयले ३ वटा कानूनहरु निर्माणका लागि मन्त्रिपरिषदबाट सैद्धान्तिक सहमति लिएकोमा सहकारी ऐन प्रदेश सभाबाट पारित भइसकेको । कृषि तथा पशुपंक्षि व्यवसाय प्रबर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तर्जुमाका लागि राय परामर्शका लागि आन्तरिक तथा कानून मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाइएको र जग्गा प्रशासन तथा नाप नक्सा विधेयक निर्माणका लागि सरोकारवालाहरुसँग छलफल गरी मस्यौदा तयार गर्ने क्रममा रहेको साथै ९ वटा कार्यविधि मन्त्रिपरिषदबाट पारित भइसकेको छ र ४ कार्यविधि निर्माणको प्रकृयामा रहेको जानकारी यसै सम्मानित सदनमा जानकारी गराउन चाहान्छु । अन्तमा यस मन्त्रालयबाट हुने गरिएको काम कारबाहीहरु प्रभावकारी र पार्दर्शी ढंगले कार्यान्वयन गर्न मन्त्रालय प्रतिबद्ध रहेको र मन्त्रालयका कामकारबाहीका सम्बन्धमा यस सम्मानित सभाबाट आगामी दिनहरुमा समेत सकारात्मक सल्लाहा सुझावको अपेक्षा गर्दछु धन्यवाद ।

*(जवाफ दिएपछि)*

४. **माननीय सदस्यहरु,**

आजको विशेष समय यही समाप्त हुन्छ ।

५. **माननीय सदस्यहरु,**

**“सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५”** माथि कुनै पनि माननीय सदस्यहरुको प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम विरोधको सूचना प्राप्त हुन नआएको जानकारी गराउँछु ।

*(जानकारी गराएपछि)*

६. **माननीय सदस्यहरु,**

अब, म उद्योग, पर्यटन बन तथा बाताबरण मन्त्री माननीय माया भट्टलाई प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (१) बमोजिम संक्षिप्त बक्तव्य सहित **“सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५”** लाई सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु ।

**माननीय माया भट्ट**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशमा लोकमार्गलाई व्यवस्थित रुपमा संचालन गर्न कानून अति आवश्यक भएको महसुस गरी प्रदेश सरकारले सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक २०७५ को मस्यौदा तयार पारी सभा समक्ष दर्ता गराएको व्यहोरा अनुरोध गर्दछु । माननीय सभामुख महोदय, प्रस्तुत विधेयकमा कुनै पनि माननीय सदस्यहरुले विरोधको सूचना दर्ता नगराई विधेयक सभामा टेबुल गर्ने मार्ग प्रसस्त गरिदिनु भएकोमा सम्पूर्ण माननीय सदस्यहरुमा धन्यवाद दिन चाहान्छु । सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक २०७५ लाई प्रदेश सभा नियमावली २०७४ को नियम १०५ बमोजिम सभा समक्ष टेबुल गर्दछु धन्यवाद ।

*(टेबुल गरेपछि)*

**७. माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५"** माथिको आजको कार्वाहि यही समाप्त हुन्छ ।

**८. माननीय सदस्यहरु,**

प्रदेश सभा नियमावली २०७४ संशोधन मस्यौदा समितिको मिति २०७५ चैत्र १७ गतेको बैठकले नियम १४६ र १४८ को संशोधन सम्बन्धी व्यवस्थामा सहमती जुट्न नसकेकोले सहमतीका लागी छलफल गर्ने प्रयोजनका लागि थप ७ दिन समितिको कार्यादेश थप गरी पाउँन निर्णय गरी निबेदन पेश हुन आएकोले पुन: ७ दिनको कार्यादेश थप गरिएको जानकारी गराउँछु ।

**९. माननीय सदस्यहरु,**

यही मिति प्रदेश नं.२ को बारा र पर्सा जिल्लामा मिति २०७५ साल चैत्र १७ गते आईतबार साझ प्रदेश नं.२ मा आएको भिषण हावाहुरीका कारण २७ जना सर्वसाधारण जनताको दुख:द निधन भएको र करोडौ रुपैया बराबरको धनमाल क्षति भएकोले उक्त दुख:द घटनामा राहात उपलब्ध गराउँने प्रयोजनका लागि प्रत्येक माननीय सदस्यहरुले आफ्नो १(एक) दिन बराबरको पारिश्रमिक रकम उपलब्ध गराउँने भनी यस सभामा प्रतिनिधित्व गर्ने संसदीय दलका शिर्ष नेताहरुबाट सहमति भै सभामा जानकारी गराई दिन अनुरोध भै आएको व्यहोरा जानकारी गराउँछु ।

**१०. माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७५ साल चैत्र २० गते बुधबार दिनको १ बजे बस्ने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।